**बैठक संख्या : ५२**

आज मिति २०७६/०७/०१ गते ........... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री हरि प्रसाद ज्ञवाली | उप-सचिव शिक्षा | |
| २५ | श्री कनकमान श्रेष्ठ | शिक्षा सल्लाहकार | |
| २६ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक सल्लाहकार | |
| २७ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २८ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २९ | श्री विजय राज वाग्ले | अधिकृत | |

**बैठकका प्रस्तावहरु** :

१) संघीय समपूरक अनुदानका योजना छनौट सम्बन्धमा ।

२) कृषि तथा पशु सेवा तर्फका एक गा.वि.स. एक कृषि प्राविधिक अर्न्तगत सेवा करारमा कार्यरत ना.प्रा.स. सम्बन्धमा।

३. घरेलु तथा साना उद्योग कार्यालयबाट वडा तोक्ने पत्रका सम्बन्धमा ।

४) शारिरीक सुगठन प्रतियोगी सुरेन्द्र बर्मालाई प्रोत्साहन रकम भुक्तानी बारे ।

५) NIC ASIA बैकको काउण्टर खोल्ने सम्बन्धमा ।

६) शारिरीक सुगठन प्रतियोगिता संचालकको रकम भुक्तानी सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय समपूरक अनुदान अर्न्तगत देहायका योजना छनौट गरी प्रस्ताव गर्ने निर्णय गरियो ।

क) रिशोइन शान्ति बिहार हुदै तिलौराकोट पश्चिम गेट औराहिया सम्मको सडक ।

ख) पिपरहवा, बिठुवा सौरहा सडक ।

**साथै विशेष अनुदान अर्न्तगत देहायका योजना छनौट गरी प्रस्ताव गर्ने निर्णय गरियो ।**

क) बरदहवा गेट हुदै रमतलहा, लम्तिया, महुवारिया, वरगदवा सम्म सडक ।

ख) जहदी, बन्डौली, जगदीशपुर ताल सम्म सडक ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको बिभिन्न वडाहरुमा कार्यरत ५ जना कृषि तथा पशु सेवा तर्फका एक गा.वि.स. एक कृषि प्राविधिक अर्न्तगत सेवा करारमा कार्यरत ना.प्रा.स.हरुको म्याद थप सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रत्र संख्या ०७६/७७ च.नं. १५५ मिति २०७६/०६/१५ को प्राप्त पत्र अनुसार निजहरुको बजेट व्यस्थापन भई आएको र सम्बन्धित वडाहरुबाट निजहरुले २०७६ श्रावण १ गते देखि हाल सम्म कामकाज गरि आएको भनि हाजिरी प्रमाणित समेत प्राप्त भई सकेको हुँदा प्राप्त बजेट सिमामा रही निजहरुको सेवा करारको म्याद २०७६ श्रावण १ गते देखि २०७६ कार्तिक मसान्त सम्म निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुको च.नं. २१२८ मिति २०७६/०६/२८ को वडा तोकि दिने सम्बन्धमा पठाइएको पत्र माथि छलफल गर्दा सीप मूलक तालिम संचालन गर्नका लागि विपन्न, दलित, जनजाती बाहुल्यता रहेको कुनै एक वडा छनौट गर्ने सम्बन्धमा यस नगरपालिकाको वडा नं. ९ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शारिरीक सुगठन प्रतियोगी सुरेन्द्र प्रसाद बर्मालाई प्रोत्साहन रकम रु. २५ हजार खेलकुद शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा NIC ASIA बैंकको काउण्टर यस कपिलवस्तु नगरपालिकाको कार्यालय भवनको राजस्व शाखाको कोठाको पश्चिम तर्फ रहेको बराण्डामा काउण्टर संचालनको लागि स्वीकृत गरि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा शारिरीक सुगठन प्रतियोगिता संचालन भई सकेको र उक्त प्रतियोगिताबाट कपिलवस्तु जिल्लाको र यस नगरपालिकाको प्रचार प्रसार समेत भएकोले उक्त प्रतियोगिता संचालन खर्च रकम कपिलवस्तु जिल्ला शारिरीक सुगठन तथा फिटनेस संघ, कपिलवस्तु तौलिहवालाई रु. ५ लाख भुक्तानी गर्ने निर्णय गरियो ।

## कार्यपालिका सदस्य ज्यूहरुबाट प्राप्त थप प्रस्तावहरु

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कपिलवस्तु नगरपालिका नगर कार्यपालिकाको प्रेस सल्लाहकार पदमा कार्यरत संचार कर्मी खग प्रसाद चापागाईले मिति २०७६/०७/०३ गते आफ्नो कार्य व्यस्तताको कारण प्रेस सल्लाहकार पदमा बस्न असमर्थ जनाई सो पदबाट दिनु भएको राजिनामा आजकै मितिबाट लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कपिलवस्तु नगरपालिकाको वडा नं. १२ को डीप बोरिङ्गको नगर स्तरीय योजना पाँचौ नगरसभाबाट स्वीकृत भएको तर प्राविधिक कारणले उक्त योजना सफल नहुनाले नगर स्तरीय योजना यस कार्यपालिकाको बैठकबाट उक्त योजना परिवर्तन गरि पिपरहवा गाउको विद्यालय देखि गडहा हुदै गाउ भित्र जाने सडक निर्माण गर्ने योजनाको निर्णय गरियो साथै उक्त योजनाको अगामी नगर सभामा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस कपिलवस्तु नगरपालिकाको वडा नं. ७ को पूर्वाधार शिर्षकको सि.नं. १६ मस्जिद रंगरोगन रु. ५० हजार सि.नं. २३ काली माई स्थान मर्मतमा रु. ५० हजार सि.नं २४ मा समय माई स्थान मर्मतमा रु. ५० हजार गरि जम्मा रु. १ लाख ५० हजारलाई कनकटवा शिव मन्दिरमा लगाउने तथा सि.नं. १९ को हिण्डपाइप दलित, मुस्लिम वर्गको लागि रु. ५ लाख करकट पाता खरिद गरि गरिब परिवारको घर बनाउन दिने । सि. नं. ९ मूल सडक देखि बुधिराम चमारको घर सम्म पि.सि.सि. ढलानलाई शिव मन्दिर निर्माण कार्यमा लगाउने रु. ५ लाख, नगर स्तरीय योजना सि.नं. १ उदयराज कुर्मीको घर देखि पश्चिम १०० मिटर संशोधन गरि चिन्नी चमारको घर देखि बुधिराम चमारको घर हुदै उत्तर पि.सि.सि. ढलान गर्ने गरि योजना परिर्वतन गरी आगामी नगरसभामा अनुमोदनको पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस आ.व. मा सडक वोर्ड नेपाल कार्यक्रमबाट संचालन हुने तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

क) कृषि विकास बैंक देखि महिता सडक ।

ख) आनन्दबाग पेट्रोल पम्प देखि आँखा अस्पताल सम्मको सडक

ग) आन्नदबाग मूल सडक देखि सिकोटवा हुदै नहर सम्मको सडक

घ) अरौरा देखि रेहरा सम्म सडक

ङ) पचेहरा देखि रेहरा हुदै दोहनी सम्म सडक